# राष्ट्रिय व्यवसायजन्य सुरक्षा र स्वास्थ नीति
# २०७३

## (प्रस्तावित)

**नेपाल सरकार**

**श्रम तथा रोजगार मन्त्रालय**

**सिंहदरवार, काठमाडौं**

## (१) पृष्ठभूमि

"सम्मानजनक कामको अर्थ केवल काम गर्नको लागि राम्रो अवस्थाको विद्यमानता मात्र नभई सुरक्षित एवं स्वस्थ कार्यस्थल भन्ने बुझिन्छ।"

मानिस र उसले गर्ने काम वा पेशा र व्यवसायको घनिष्ठ सम्वन्ध छ। समान्य अवस्थमा मानिसले दैनिक एक तिहाई समय कार्यस्थलमा व्यतित गर्दछ। कामको प्रकृति र काम गर्ने कार्यस्थलको अवस्थाले मानिसको सुरक्षा, स्वास्थ र उसको उत्पादकत्वमा प्रभाव पार्ने हुँदा सुरक्षित एवं स्वस्थ कार्यस्थलको ठूलो महत्व छ।

श्रम शक्ति र कार्यस्थलको वातावरणमा नै श्रमको उत्पादकत्व निर्भर रहेको हुन्छ। आजको औद्योगिक युगमा एकातिर नयाँ नयाँ प्रविधिको प्रयोगका कारण कार्यस्थलमा जोखिम र जटिलता बढ्दै गई नयाँ नयाँ समस्या र चुनौतिहरु पनि थपिदै गईरहेको छ भने अर्कातिर कार्यस्थललाई स्वस्थ, सुरक्षित, व्यवस्थित एवं मर्यादित बनाउनका लागि हालसम्म ठोस नीतिगत व्यवस्थाको अभावमा समन्वयात्मक ढंगले कार्यक्रम सञ्चालन गर्न कठिनाई भईरहेको छ। अत: अन्तर्राष्ट्रिय प्रणाली, सिद्धान्त तथा व्यवहारलाई दृष्टिगत गर्दै मुलुकमा स्वस्थ, सुरक्षित, एवं व्यवस्थित कार्यस्थल निर्माण गर्न विगतको अभ्यास, अनुभव, कमि कमजोरी तथा पृष्ठपोषणबाट पाठ सिक्दै व्यवसायजन्य सुरक्षा र स्वास्थको स्थितिमा सुधार ल्याउन आवश्यक कदम र व्यवस्था गर्न जरुरी भईसकेकोछ।

संविधान प्रदत्त नागरिकका हक तथा संविधानमा उल्लेखित निर्देशित सिद्धान्तले गरेको मार्गदर्शन एवं राज्यद्धारा घोषित नीतिलाई आत्मसाथ गर्दै कुनैपनि व्यवसाय वा आर्थिक तथा सेवामुलक कृयाकलापमा संलग्न व्यक्तिको सुरक्षा र स्वास्थ तथा कार्य वातावरणको समुचित व्यवस्थाप्रति सरकारको प्रतिवद्धता रहि आएको छ। कार्यमा संलग्न व्यक्तिको सुरक्षा र स्वास्थले उत्पादकत्व, आर्थिक एवं सामाजिक विकास लगायत गुणस्तरमा पर्ने प्रभावलाई दृष्टिगत गरी कार्यस्थलको अवस्था, कार्य प्रकृया, प्रविधिमा हुने परिवर्तन, उत्पादनमा हुने रसायनहरुको प्रयोगले गर्दा व्यवसायजन्य सुरक्षा र स्वास्थमा बढ्दै गएको समस्यालाई मनन गर्दै सुरक्षित एवं स्वस्थ कार्यस्थलको सुनिश्चितता प्रत्याभूति सहित व्यवसायजन्य जोखिमको रोकथाम र न्यूनिकरणका साथै व्यवसायजन्य सुरक्षा र स्वास्थको असल संस्कारको विकास गर्न सम्बन्धित क्षेत्रका बिज्ञ एवं सवै साझेदारहरुसँगको छलफलबाट नेपाल सरकारले राष्ट्रिय व्यवसायजन्य सुरक्षा र स्वास्थ नीति २०७२ तर्जुमा गरेको छ।

## (२) विगतका प्रयास :

व्यवसायजन्य सुरक्षा र स्वास्थ प्रति पर्याप्त ध्यान जान नसकेको कारण कार्यस्थलमा सुरक्षा र स्वास्थ्यको स्थिति कमजोर रहेको वास्तविकता कसैबाट छिपेको छैन । बढ्दो औद्योगिकरण र प्रविधिको प्रयोगबाट कार्यस्थलमा हुने खतरा र व्यवसायजन्य रोगको कारण ठूलो मानवीय मूल्य चुकाउनुका साथै आर्थिक एवं सामाजिक क्षति एवं हरेक वर्ष बढ्दै गएको जनधनको क्षतिलाई न्यूनिकरण गर्नु आवश्यक भएको तथ्यलाई मनन् गरी नेपाल सरकारले व्यवसायजन्य सुरक्षा र स्वास्थको स्थितिमा सुधार गर्न कानूनी व्यवस्था, संस्थागत संयन्त्रको विकास लगायत विभिन्न कार्यहरु गर्दै आएको छ ।

कार्यस्थलमा विद्यमान खतरा तथा जोखिमबाट कामदारको सुरक्षा र स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई न्यूनिकरण गर्न कानूनी व्यवस्थाको आवश्यकतालाई महसूस गरी प्रथम पटक २०१६ सालमा कारखाना तथा कारखानामा काम गर्ने कामदार सम्बन्धी ऐनको तर्जुमा गरियो । उक्त ऐनले कार्यस्थलमा सुरक्षाको उचित प्रबन्ध सहित कारखाना निरीक्षणको व्यवस्था पनि गरेको थियो ।

व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको सुधारको लागि कानूनी व्यवस्था मात्रले पनि नहुने हुंदा २०२२ सालमा तत्कालिन कारखाना निरीक्षकको कार्यालयको स्थापना गरी कारखाना निरीक्षण गर्ने व्यवस्था मिलाईयो । उद्योग र औद्योगिक क्षेत्रको विस्तारसंगै तत्कालिन कारखाना निरीक्षकको कार्यालयलाई श्रम कार्यालयमा परिवर्तन गरी श्रम कार्यालयको संख्यामा क्रमशः वृद्धि गरियो । अहिले देशभर १० वटा श्रम कार्यालयबाट श्रम प्रशासन र कार्यस्थल निरीक्षणको काम हुँदै आएको छ ।

नेपालको श्रमको ऐतिहासिक पृष्ठभूमि अनुसार श्रम कार्यालय, श्रम विभाग र वि.सं. २०३८ सालमा छुट्टै श्रम मन्त्रालयको स्थापना पश्चात व्यवसाजन्य सुरक्षा र स्वास्थ्यको अवस्थामा सुधार गर्न नीति नियममा सुधारका साथै कारखाना निरीक्षण प्रणालीलाई प्रभावकारी बनाउन श्रम कार्यालयको संख्या र क्षमतामा वृद्धि गर्ने काम भयो । वि.सं. २०४८ सालमा नयाँ श्रम ऐन तर्जूमा गरियो । श्रम ऐन २०४८ को परिच्छेद ५ मा व्यवसायजन्य सुरक्षा र स्वास्थ सम्वन्धी व्यवस्था गरी त्यसको कार्यान्वयनमा जोड दिइयो । कार्यस्थलको सुरक्षा र स्वस्थ वातावारणको विकासमा जोड दिईयो । व्यवसायजन्य सुरक्षा र स्वास्थ सम्बन्धमा ज्ञान र चेतनाको कमी महसुस गरी २०५२ सालमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य

सम्बन्धी आयोजनाको स्थापना गरियो । आयोजनाले व्यवसायजन्य सुरक्षा र स्वास्थ सम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्दै आईरहेको छ ।

## (३) वर्तमान अवस्था :

विश्वभरीमा व्यवसायजन्य खतरा तथा जोखिमका कारण हुने व्यवसायजन्य दुर्घटना तथा लाग्ने व्यवसायजन्य रोगका कारण बिश्वमा प्रत्येक बर्ष लाखौ कामदार कर्मचारीहरुले ज्यान गुमाउने तथा अंगभंग हुने गरेको तथ्याङ्क पाईन्छ । तथापि नेपालमा यसको स्पष्ट तथ्याङ्क नभएता पनि हरेक वर्ष व्यवसायजन्य दुघर्टना तथा रोगबाट हजारौ व्यक्ति पिडित हुने गरेको पाईन्छ ।

दिन प्रति दिन व्यवसायजन्य दुघर्टनामा वृद्धि हुनुको साथै व्यवसायजन्य रोगीहरुको संख्यामा पनि वृद्धि भईरहेकोले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको स्थिति प्रति चिन्ता बढ्दै गएको छ । कार्यस्थलको अवस्था र त्यहांको व्यवस्थापन प्रणालीलाई हेर्दा हालसम्म भए गरेका प्रयासहरुबाट अपेक्षित सुधार हुन सकेको छैन । साथै सामाजिक साझेदारहरुमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ सम्बन्धी चेतनाको कमि रहेको छ । असुरक्षित क्रियाकलाप,कार्यस्थलको बनोट ,कामको प्रकृति अनुसार नहुनु ,सुरक्षाको दृष्टिले मेशिन औजार सुरक्षित नहुनु, बस्तु उत्पादन प्रक्रियाको क्रममा उत्पन्न हुने धुलो, धुवाँ, ध्वनी, एवं तापको उचित व्यबस्थापन नगर्नु खतरनाक उत्पादन प्रकृया एवं रसायनको प्रयोग गर्नु एवं

कार्यस्थलको सरसफाईमा कमी हुनु को कारणले गर्दा कर्यस्थललाई असुरक्षित बनाएको छ । यस्ता असुरक्षित अवस्था भएको कार्यस्थलमा काम गर्ने कामदार कर्मचारीहरुको क्रियाकलाप (काम कारवाहि) पनि असुरक्षित हुने गरेको छ । कामको लागी चाहिने ज्ञान एवं शिप कामदार कर्मचारीहरुमा नहुनु ,उपयुक्त कार्य प्रगती अबलम्वन नगर्नु , अनाबश्यक रुपमा कार्यस्थलमा जोखिम लिनु ब्यक्तिगत सरसफाईमा ध्यान नदिनु र कार्य अनुशासन को पालना नगर्नु जस्ता क्रियाकलाप कार्यस्थलमा कामदार कर्मचारीहरु ले गर्ने गरेको छ । तसर्थ यस क्षेत्रको यथोचित सुधारका लागि नीतिगत एवं कानूनी सुधार गर्नु पर्ने र सरकारी संयन्त्रको कार्य कुशलता र क्षमता विकास गर्नकालागी ध्यान दिनुपर्ने देखिन्छ ।

उद्योग प्रतिष्ठानको विकासको विस्तारसंगै आर्थिक गतिविधिहरुमा पनि व्यापकता आएको छ । प्रविधिको प्रयोग, उत्पादनमा प्रयोग गरिने रसायनिकहरु, ठूला ठूला पूर्वाधार निर्माण जस्ता कामले व्यवसायजन्य खतरा एवं जोखिमहरु बढ्दै गएका छन्। हरेक वर्ष कार्यस्थल दुघर्टनाको संख्या बढी रहेको छ । यस्ता दुघर्टनाका कारण मृत्य हुने, गम्भिर घाइते हुने र अंगभंग हुने तथा कामदारको स्वास्थ्यमा देखिने

समस्याले प्रतिष्ठानको व्ययभार बढाउनुको साथै कार्यस्थलको सुरक्षा प्रति चिन्ता समेत बढी रहेको छ । यसका साथै यस प्रकारका दुर्घटना तथा रोगहरुको क्षतिपुर्तिले प्रत्यक्ष अप्रत्यक्ष रुपमा राष्ट्रिय ग्राह्यस्त उत्पादनमा समेत नकारात्मक प्रभाव पारेको तथ्याङ्क समेत पाईएको छ । नेपाल सरकारबाट यस प्रकारका अनुभवहरुलाई आत्मसात् गर्दै व्यवसायजन्य सुरक्षा तथा स्वास्थको सुधार तर्फ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ सम्बन्धी आयोजना मार्फत थालिएका प्रयासले रोजगारदाता र कामदार/ कर्मचारीहरुमा चेतना बढाउन केही मद्दत पुगे पनि सुरक्षा तथा स्वास्थ्यलाई ध्यानमा राखी कार्यस्थलको व्यवस्थापनमा अपेक्षाकृत सुधार हुन सकेको छैन ।

जोखिमपूर्ण कार्य तथा कार्यस्थलबाट कामदार/ कर्मचारीहरुको सुरक्षा, स्वास्थ्य र उसको कार्य क्षमतामा पर्ने नकरात्मक प्रभावबारे सम्बन्धीत कामदार/ कर्मचारी तथा व्यवस्थापनलाई राम्रो जानकारी छैन । व्यवसायजन्य दुर्घटनाले कामदार/ कर्मचारी ,व्यवस्थापन एवम् सरकारलाई हुने नोक्सानीलाई विश्लेषण गर्ने गरीएको छैन । जसले गर्दा कामदार/ कर्मचारीले स्वस्थ एवम् सुरक्षीत जीवन प्राप्त गर्ने अवस्था नरहेको , व्यवस्थापनलाई दुर्घटनाको कारणले हुने प्रत्यक्ष एवम् अप्रत्यक्ष नोक्सानीहरुले गर्दा उत्पादन लागत बढ्ने र उत्पादकत्व घट्ने गरेको सम्वन्धमा व्यवस्थापनले विश्लेषण गरेको छैन ।कार्यस्थललाई सुरक्षीत तथा स्वस्थ्य बनाउन लगानीलाई खर्चको रुपमा लिने गरीएकोले कार्यस्थललाई कसरी सुरक्षित र स्वस्थ बनाउने तर्फ पर्याप्त ध्यान जान सकेको छैन । जसको कारण जोखिम न्यूनीकरण र सुरक्षाका उपाय अपनाउने जस्ता बाध्यकारी प्रावधानतर्फ थोरै मात्र प्रयास भएको पाईन्छ । उत्पादनशील एवं प्रशोधन गर्ने उद्योगको साथै कृषि,खानी, निर्माण, वन र संक्षिप्तमा सेवामूलक क्षेत्रमा समेत सुरक्षा र स्वास्थ्यको स्थिति कमजोर नै रहेको पाईन्छ । छोटकरीमा भन्नु पर्दा सवै किसिमका कार्यस्थलमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको अवस्थामा निकै सुधार गर्नु आवश्यक छ । कानुनको प्रभावकारी कार्यान्वयन, आवश्यक मापदण्डको निर्धारणका साथै श्रम प्रशासनलाई सुदृढ बनाई कार्यस्थल निरीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउनु जरुरी छ ।

## (४) समस्या र चुनौती :

नेपालमा उद्योगको विकाससंगै आर्थिक कृयाकलापको विस्तारबाट एकातिर रोजगारीका अवसरहरुमा वृद्धिको साथै राष्ट्रको आर्थिक विकास र व्यक्तिको आय आर्जन बढ्न गएको छ भने अर्को तर्फ

कार्यस्थलमा हुने दुघर्टना,कामदारको मृत्युको संख्यामा भईरहेको वृद्धि र व्यवसायको सम्पत्तिमा भईरहेको क्षतिले थप चुनौती खडा गरेकोछ । नागरिकको जीवनलाई जोखिममा राखेर प्राप्त हुने उपलब्धीबाट विकास दीगो हुन सक्दैन र यसले थप समस्या श्रृजना गर्दछ । सुरक्षित र स्वस्थ वातावरणमा सवैले काम गर्न पाउनु पर्दछ भन्ने अधिकार अनुरुप कार्यस्थलको अवस्था सुधार गर्नुको विकल्प छैन । नेपालमा हाल वर्षेनी हजारौं कामदार/ कर्मचारीहरु कार्यस्थलमा हुने दुघर्टनाबाट पिडित हुने तथा सयौंको संखयामा मृत्यु हुने गरेको अनुमान छ । सुरक्षा र स्वास्थ्यको दृष्टिकोणले कार्यस्थलको अवस्था जोखिमपूर्ण रहेको छ । वर्तमान परिप्रेक्ष्यमा कार्यस्थललाई सुरक्षीत एवम् स्वस्थ बनाई दुर्घटना न्यूनिकरण गर्दै कार्यस्थललाई सुरक्षित र स्वस्थ बनाउने चुनौती टड्कारो रुपमा देखिन्छ । जसको मुख्य कारकको रुपमा व्यवसायजन्य सुरक्षा र स्वास्थ सम्बन्धी मापदण्डको अभाव, कानून एवं नियम पालनाको कमी, चेतनाको अभाव एवं नियमित अनुगमन एवं निरीक्षण गर्ने क्षमताको कमी आदी कारणले कार्यस्थलको अवस्थामा अपेक्षित सुधार हुन सकेको छैन ।

व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको स्थितिको बारेमा गहन अध्ययन र अनुसन्धान हुन सकेको छैन । कार्यस्थल दुर्घटना तथा व्यवसायजन्य रोगको अभिलेख लगायत मेशिन, रसायन, कल्याणकारी सुविधा, सुरक्षात्मक विधीहरुको विस्तृत विवरण राख्ने संस्कारको विकास नभएकाले वास्तविक स्थिति समेत उजागर हुन सकेको छैन । उघोग ,व्यवसाय वा ओघौगिक कृयाकलापलाई सुरक्षा तथा स्वास्थ्यको सन्दर्भबाट पहिचान, वर्गीकरण नहुदां सुरक्षाका न्युनतम आधारहरु समेत तर्जुमा गर्न कठीन भएको छ । तथ्यगत जानकारीको अभावमा नेपालको समग्र व्यवसायजन्य सुरक्षा र स्वास्थ्य अवस्थाको विश्लेषण गर्न कठिन छ । तापनि अधिकांश उद्योग प्रतिष्ठानहरुले कार्यस्थलमा हुने दुघर्टनाको रोकथाम गर्न आवश्यक उपाय अवलम्बन गर्न सकेका छैनन् । आर्थिक कृयाकलापका सवै पक्ष र क्षेत्रमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रणालीमा सुधार गर्न र सुरक्षित कार्य प्रणाली लागु गराउने काम चुनौतीपूर्ण रहेको छ ।

## (५) नीतिको आवश्यकता :

व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी विद्यमान समस्याको समाधान गरी सुरक्षित एवं स्वस्थ कार्यस्थलको विकास एवम् असल व्यवसायजन्य सुरक्षा र स्वास्थ्य संस्कार स्थापनाकालागि उपयुक्त

एवं प्रभावकारी नीति अवलम्बन गर्नु जरुरी छ । कार्यस्थलमा हुने दुर्घटना र व्यवसायजन्य रोगको न्यूनिकरण उपयुक्त नीति, रणनीति र कार्यक्रम विना संभव छैन । व्यवसायजन्य सुरक्षा र स्वास्थ तर्फको सुधारका लागि सरकारले प्राथमिकता निर्धारण गरी कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । के गर्ने कहां गर्ने, कसरी गर्ने भन्ने कुराको पहिचान र प्राथमिकता विना गरेका कार्यक्रमले अपेक्षित उपलब्धी हासिल हुन सक्दैन । समय र श्रोतसाधनको उच्चतम प्रयोगबाट वाञ्छित प्रतिफल र उद्देश्य प्राप्तीका लागि नीतिले मार्गदर्शन गर्दछ । यसर्थ कार्यस्थलको सुरक्षा र स्वास्थ्यको अवस्थामा सुधारका साथै सवै सरोकारवालाहरुको सहभागिता र प्रयासबाट सुरक्षित कार्यस्थलको विकास एवं सुनश्चितता एवम् आर्थिक सामाजिक विकासको माध्यमबाट दिगो औद्योगिका विकासका लागि व्यवसायजन्य सुरक्षा र स्वास्थ नीतिको आवश्यकता खड्किएको हो । देहायका काममा प्रभावकारिता ल्याउन नीतिको अपरिहार्यता महसुस गरिएको छ ।

- नेपालको संविधान र राज्यले परिकल्पना गरे अनुरुप सुरक्षित एवं स्वास्थ्य वातावरणमा काम गर्न पाउने सवैको अधिकारलाई सुनिश्चित गर्ने ।
- सुरक्षित एवम् स्वास्थ्य कार्य वातावरण स्थापना गरी उत्पादकत्व वृदी गर्न
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको दिगो प्रवर्द्धन , अनुसन्धान मुलक कार्य, तालिम एवम् व्यवस्थापन गर्न विशेष संरचना अन्तर्गत नियमन निकायकोलागि सुरक्षा तथा स्वास्थ्य विभाग र सल्लाहकारी भुमिकाकोलागि सुरक्षा तथा स्वास्थ्य प्रतिष्ठान स्थापना गर्ने । सोही निकायहरु मार्फत -सुरक्षाका उपायको अवलम्बन एवं सम्बन्धित कानून र नियमको कार्यान्वयन तथा पालनमा जोड दिने ।
- रोजगारीका सवै क्षेत्र र कार्यस्थलमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रणालीमा सुधार गर्दै यसको समय सापेक्ष पुनरावलोकन गरी सम्भावित मानवीय एवं भौतिक क्षतिको न्यूनिकरणमा सहयोग पुऱ्याउने ।
- सुरक्षा एवं स्वास्थ्यका दृष्टिकोणवाट उद्योग, व्यवसाय, पेशा वा क्रियाकलापहरुको वर्गीकरण गरी सुरक्षित कार्यस्थल स्थापना गर्न आवश्यक पर्ने मापदण्ड, सुचांक, कार्यान्वयन पुस्तिका, प्रभावकारी सुरक्षा प्रविधिको विकास गर्ने ।
- व्यवसायजन्य रोगहरुको पहिचान गरी राष्ट्रिय रुपमा सुचीकृत गर्ने ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धन एवं नियमन कार्यमा आवश्यक पर्ने अध्ययन अनुसन्धान तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने क्रियाकलापहरु संचालन गर्ने ।

- कार्यस्थलमा स्वस्थ सुरक्षित रुपमा काम गर्न र जोखिमबाट बचाउ गर्न आवश्यक ज्ञान एवं तालीम प्रदान गर्ने ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी राष्ट्रिय तथ्याङ्क तथा अभिलेख प्रणालीको विकास गर्ने । जस अनुसार कार्यस्थल वा व्यवसायजन्य दुर्घटनाको छानवीन एवं अभिलेख राख्ने प्रणाली व्यवस्थित गर्ने ।
- कार्यस्थल निरीक्षण तथा व्यवस्थापन परीक्षण प्रणालीको विकास गर्दै प्रमाणीकरण सम्वन्धी कार्य गर्ने । उक्त कार्य संचालन गर्ने सरकारी निकायको क्षमता अभिवृद्धि गर्ने तथा योग्तता पुगेका व्यक्ति तथा संस्थालाई क्षेत्रगत रुपमा सुचीकृत गर्दै ईजाजतपत्र उपलव्ध गर्ने ।
- कार्यस्थल सुरक्षा सम्वन्धी आवश्यक उपकरण तथा प्रविधिको आयात तथा जडानमा सरकारी अनुदान उपलव्ध गर्ने ।
- स्वस्थ सुरक्षित एवं मर्यादित कार्यस्थल स्थापित एवं प्रवर्दन गर्ने उद्योग, व्यवसाय, व्यवस्थापक, श्रमिक आदिलाई ग्रिन क्रोस लोगोद्धारा राष्ट्रिय सम्मान गर्ने र यस्ता सम्मानितहरुलाई सरकारी सुविधामा सहुलियत समेत प्रदान गर्ने । यस्तो कार्यलाई वर्षेनी मनाईने सुरक्षा तथा स्वास्थ्य दिवशको सन्दर्भमा प्रदान गर्ने ।
- कार्यस्थलमा प्रभावकारी सुचना एवं संचारको प्रवन्ध गर्ने र सोको आवश्यक संचार सरोकार निकाय जस्तै समुदाय, उपभोक्ता, आपुर्तिकर्ता, अवलोकनकर्ता आदिमा समेत प्रवाह गर्ने ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको सेवालाई आनतरिक तथा वैदेशीक रोजगारीका सवै पक्षहरुमा लागुगर्ने ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रभावकारी कार्यान्वयन गर्न उद्योग व्यवसाय दर्ता प्रकृया देखि संचालनको क्रममा आवश्यक पर्ने सरोकार सरकारी निकायहरु संग समन्वय स्थापित गर्ने ।

## (६) नीति निर्माणका आधारहरु

६.१ नेपालको संविधानले कार्य वातावरणको सम्वन्धमा परिलक्षित गरेको व्यवस्था सुरक्षा र स्वास्थ्यप्रति राज्यले अपनाएको नीति, सरकारले गरेको प्रतिवद्धतालाई आधार मानी यो व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति तयार गरिएको छ। यो नीतिले कार्यस्थलको अवस्थामा सुधार गर्न र सुरक्षित एवं स्वस्थ कार्य वातावरणको विकासलाई सुनिश्चितता प्रदान गर्नेछ । यो नीति तयार गर्दा व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्वन्धी हालको अवस्था, भए गरेका प्रयासहरु, राष्ट्रिय एवं अन्तराष्ट्रिय अनुभव र असल अभ्यासहरु तथा श्रम ऐन २०४८ मा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धमा गरिएको व्यवस्थालाई पनि ध्यानमा राखिएको छ ।

६.२ कार्यस्थलको सुरक्षा र स्वास्थ्यसम्वन्धी अवस्थामा रहेका कमि कमजोरीहरुलाई क्रमशः सुधार गर्न, सवै किसिमका कार्यस्थलमा सुरक्षाका उपाय अपनाउन तथा कार्यस्थल

जोखिमको रोकथाम गर्न आवश्यक कानूनी एवं संस्थागत व्यवस्थामा सुधार गर्नुपर्ने विषयलाई यो नीतिले आत्मसाथ गरेकोछ ।

६.३ यो नीति रोजगारदाता, ट्रेड युनियन तथा अन्य सरोकारवालाहरुसँगको छलफल र रचनात्मक सुझावमा आधारित भई तयार गरिएकोछ ।

६.४ यो नीति तर्जुमा गर्दा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विषयमा अन्तराष्ट्रियश्रम संगठनद्धारा पारित महासन्धीहरु खास गरी महासन्धी १५५ र अन्तराष्ट्रिय रुपमा विभिन्न संस्थाद्धारा जारी मार्गनिर्देशनलाई पनि ध्यानमा राखिएको छ।

६.५ यो नीति तर्जुमा गर्दा उद्योग व्यवसाय संग सम्वन्धित ऐन जस्तै औद्योगिक व्यवसाय ऐन, वातावरण संरक्षण ऐन लगायत अन्य ऐन, नियम तथा नीतिहरुलाई ध्यानमा राखिएकोछ ।

६.६ यो नीति तर्जुमा गर्दा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको संस्थागत संरचना लगायत क्षमतालाई ध्यानमा राखिएको छ ।

## (७) दुरदृष्टि/परिकल्पना (Vision):

मर्यादित कार्य वातावरणमा काम गर्न पाउने नागरिकको अधिकार सुनिश्चित गर्दै उत्पादकत्व वृद्धी गरी देशको समग्र आर्थिक एवम् सामाजिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने ।

## (८) ध्येय (Mission) :

कार्यक्षेत्रमा हुने संभावित सवै प्रकारका व्यवसायजन्य जोखिमको न्यूनिकरणका लागि आवश्यक सवै उपायहरुको अवलम्बनबाट सुरक्षित एवं स्वस्थ्य कार्यस्थलको निर्माण गरी व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य संस्कार (OSH culture) को विकास गर्ने ।

## (९) लक्ष्य (Goal) :

कार्यस्थल र कार्यवातावरणलाई जोखिम रहित बनाउन व्यवसायजन्य सुरक्षाका मापदण्ड र उपायको अवलम्बन एवं अभ्यास गर्दै जोखिम न्यूनिकरण गरी कार्यस्थल सुरक्षाको प्रत्याभूति गर्ने ।

## (१०) उद्देश्य

कार्यस्थलमा कामदारको सुरक्षा, स्वास्थ्य र कार्यबातावरणको स्थितीमा सुधार गरी व्यवसायवजन्य जोखिमको न्यूनिकरण गरी स्वस्थ्य एवं सुरक्षि कार्य वातावरणको स्थापना गर्नु र असल औद्योगिक

सम्बन्ध स्थापना गर्नु यो नीतिको मूख्य उद्देश्य रहने छ । उक्त उद्देश्य हासिल गर्नका लागि यो नीतिले निम्न लिखित विशिष्टीकृत रणनीती लिएको छ :

## रणनीति १

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको व्यवस्थापन गर्न नियमन निकायको रुपमा केन्द्रिय स्तरमा नियमनकारी निकायको स्थापना गरी कार्यस्थल निरिक्षणलाई प्रभावकारी बनाई स्वास्थ्य र सुरक्षित कार्यस्थलको स्थापना गर्ने ।

## कार्यनीति

- केन्द्रियस्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विभागको गठन गरिने छ । विभाग अन्तर्गत विभिन्न क्षेत्रहरु (उद्योग, निमार्ण, स्वास्थ्य, खानी, यातायात आदी व्यवसायहरु) लाई हेर्ने आवश्यक निरिक्षकहरु एवं एक प्रमुख निरिक्षक समेतको व्यवस्था गरिनेछ ।
- प्रत्येक प्रदेशमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निर्देशनालय रहनेछ । सो निर्देशनालयले प्रदेश भित्र रहेका व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कार्यालयलाई कानून कार्यन्वयनमा सहयोग गर्नेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी ऐन, नियम मापदण्डको पालना गराउने कार्य गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी खतरा तथा जोखिमहरुको पहिचान एवं मापनका आवश्यक यन्त्र उपकरण सहितको केन्द्रियस्तरमा एक प्रयोगशालाको स्थापना गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विषयमा सरोकारवालाहरुलाई तालिम प्रदान गर्ने कार्य गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य परिक्षणको प्रमाणिकरण गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रमाणिकरणको विशेषज्ञ सेवा प्रदायक परामर्शदातालाई ( संस्था वा व्यक्ति) सुचीकृत गरिनेछ ।
- कार्यस्थललाई सुरक्षित एवं स्वस्थ वनाउन जोखिमयुक्त मेसिन, उपकरण तथा शक्ति प्रदायक साधनहरुको पहिचान तथा सोको नियमित रुपमा वार्षिक तथा आपतकालिन अवस्थामा परीक्षण र स्तर मुल्यांकन गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य स्थितिको सुधारका लागि सुरक्षित कार्य अभ्यास लगायत असल सुरक्षा संस्कृतिको विकास एवं स्तरयुक्त कार्य संचालन पद्धति लागु गर्न प्रोत्साहन गरिनेछ ।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको दृष्टिकोणले उच्च जोखिम भएका प्रतिष्ठानहरुलाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रणाली लागु गर्ने व्यवस्था गरिनेछ ।

## रणनीति २.

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आवश्यक ऐन कानून र मापदण्ड तर्जुमा तथा पुनरावलोकन गरी कानूनको पालनाको माध्यमबाट स्वास्थ्य सुरक्षित कार्य वातावरणको सृजना गर्ने ।

## कार्यनीति

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आवश्यक ऐन, नियम मापदण्डको तर्जुमा गर्ने कार्य गरिनेछ ।
- ऐन, कानूनको पालना नगर्ने प्रतिष्ठान तथा रोजगारदातालाई कानून बमोजिमको दण्ड जरिवाना गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।
- व्यवसायजन्य दुर्घटना तथा रोगबाट पिडित कामदारलाई उचित क्षतिपूर्ति दिलाउन कानूनको प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- कार्य वातावरणलाई लक्षित गरी विभिन्न खतरा तथा जोखिम सम्बन्धी मापदण्ड, आचारसंहिता तथा निर्देशिका तयार गरी लागु गरिनेछ ।
- कार्यस्थलको निरिक्षण र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक साधन र स्रोतहरुको व्यवस्था केन्द्रिय र प्रादेशिक स्तरमा गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरिक्षकहरुले आफुले निरिक्षण गरेको कामको प्रतिवेदन आफु भन्दा माथिल्लो तहमा पेश गर्ने व्यवस्था गरिनेछ ।

## रणनीति ३.

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रवर्द्धन गर्नको लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य परिषद्को गठन गर्ने ।

## कार्यनीति

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य परिषद् संचालन गर्न त्रिपक्षिय संचालक समितिको गठन गरिनेछ र सो परिषद्मा कार्य सम्पादनका लागि आवश्यकता अनुसार विशेषज्ञ कार्मचारीहरु भर्ना तथा विशेषज्ञ समिति गठन गरिनेछ ।

- परिषदको काम कारबाही सुचारु रुपले संचालन गर्नको लागि परिषद्ले निर्देशिका बनाई नेपाल सरकारबाट स्वीकृत गराई लागु गर्ने व्यवस्था गरिनेछ ।

- परिषद्ले अनुसन्धानमूलक कार्य गर्नेछ र सरोकारवालाहरुलाई तालिम एवं व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सल्लाहकारी कार्य गर्नेछ ।

- परिषद् संचालनको लागि नेपाल सरकारले अनुदान दिनेछ साथै रोजगारदाता तथा श्रमिक संगठनहरुले पनि अनुदान दिन सक्नेछन् । परिषद् आफुले दिने सेवाको शुल्क लिई आर्थिक स्रोतको व्यवस्था समेत गर्नेछ ।

- परिषद्ले कार्यस्थलको कार्य वातावरणमा सुधार ल्याउन एवं व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धनको लागि उपयुक्त विधि एवं उपाय लागु गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ ।

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अभिलेख संकलन गरी राष्ट्रिय सुचना केन्द्रको रुपमा समेत कार्य गर्ने व्यवस्था गरिनेछ ।

**रणनीति ४.**

सुरक्षित तथा स्वास्थ्य कार्यस्थल निमार्ण गर्न आवश्यक उपायहरुको अबलम्बन गरिनेछ ।

**कार्यनीति**

- सवै किसिमका कार्यस्थललाई व्यववसायजन्य सुरक्षा तथा स्वास्थ्य दृष्टिकोणबाट सुरक्षित बनाउने ।

- कार्यस्थललाई सुरक्षित बनाउन आवश्यक यन्त्र, उपकरण एवं प्रविधि आयातमा–सहुलियत दिने व्यवस्था गरिनेछ ।

- सुरक्षित कार्यस्थल निमार्ण एवं व्यवस्थापन गर्न रोजगारदाता, कामदार कार्मचारीलाई जिम्मेवार बनाइने छ ।

- प्रत्येक प्रतिष्ठानमा द्विपक्षीय सुरक्षा तथा स्वास्थ्य समितिको गठन गरी व्यववसायजन्य सुरक्षा तथा स्वास्थ्य संस्कृतीको विकास गरिनेछ ।

- उत्कृष्ट स्वस्थ्य एवं सुरक्षि कार्यस्थल भएको प्रतिष्ठानलाई सम्मान गरिनेछ ।

- उत्पादन प्रकृया र पद्धतिलाई जोखिममुक्त बनाउन तथा मेसिन औजारको सुरक्षित संचालन गर्न स्तरयुक्त कार्य सञ्चालन विधि (Standard Operating Procedure), आचारसंहिता

(Code of Conduct) तर्जुमा गरी कार्यान्वयनमा ल्याउन प्रतिष्ठानलाई सो सम्वन्धी आवश्यक तालीम, प्राविधिक सल्लाह प्रदान गरिनेछ ।

- खतरा एवं जोखिम सृजना गर्ने मेशिन एवं उपकरणहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ साथै खतराजन्य कार्य, प्रकृया तथा उपकरणको संचालन कार्यको लागि कार्य अनुमति ( Work Permit ) प्रणाली लागु गरिनेछ ।

**रणनीति ५.**

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रवर्द्धन एवं प्रभावकारी कार्यन्वयन गर्न सरोकारवालाहरुमा यस सम्बन्धमा आवश्यक ज्ञान, सिप तथा चेतना अभिवृद्धि गर्ने ।

**कार्यनीति**

- व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्वन्धमा चेतना अभिवृद्धि गर्ने कार्यको लागि विभिन्न कार्यक्रमहरु जस्तै तालीम, गोष्ठि, सेमिनार, अभियान , प्रचार प्रसार एवं सर्वेक्षण आदि कार्य गरिनेछ ।
- कार्यस्थल सुधार सम्वन्धी आवश्यक प्रवर्द्धनात्मक तथा शिक्षामुलक सामाग्री जस्तै तालिम सामाग्री, पोष्टर, भिडियो, स्टिकर आदि तयार तथा वितरण गरिनेछ ।
- व्यवसायजन्य दुर्घटना तथा रोग सम्वन्धी जानकारी एवं रोकथामका उपायहरु विषयक विशेष कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सुधारका नविन प्रविधि जडान, संचालन एवं मर्मत सम्भार सम्वन्धी सिप प्रदान गराईनेछ । यसप्रकारको प्रविधि जडान गर्दा स्थानिय प्रविधिलाई प्रोत्साहित गरिनेछ ।
- कार्यस्थलको जोखिम पहिचान तथा मूल्याँङ्कन गर्न विशेषज्ञ सेवा उपलव्ध गराईनेछ ।
- कार्य वातावरण एवं कार्यस्थल सुरक्षित राख्ने सम्वन्धमा असल अभ्यास (Good Practice) बारे जानकारी दिन सो सम्वन्धी कार्यक्रमहरु गरिनेछ ।
- कार्यस्थलमा दैविप्रकोप तथा आपतकालिन अवस्थाको नियन्त्रणका सवै असल अभ्यासहरुलाई लागु गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा र स्वास्थ्यमा सवै सरोकारवालाको पहुँच बढाउन यस सम्वन्धी सूचना, अध्ययन प्रतिवेदन, नीति नियम, आचार संहिता र मापदण्डबारे विभिन्न माध्यम बाट जानकारी दिईनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको समन्वयलाई दिगो वनाउन सरोकारवाला निकायहरुको आवश्यकतानुसार क्षमता अभिवृद्धि गरिनेछ ।

**रणनीती ६.**

व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको दिगोपनाका लागि आवश्यक अध्ययन, अनुसन्धान गर्ने।

**कार्यनीति**

- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी प्रभावकारी सेवा प्रदान गर्न केन्द्र तथा प्रादेशिकस्तरमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धि अध्ययनका लागि सुविधा सम्पन्न प्रयोगशाला/ अनुसन्धानशाला स्थापना गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्वन्धी पठन पाठन तथा अनुसन्धानकालागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शिक्षण तथा अनुसन्धानमुलक संस्थाहरु सँग समन्वय गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य विषयको पठन पाठनकालागि विद्यालय, प्राविधिक शिक्षालय र विश्व विद्यालयहरु जस्ता शिक्षण संस्थाहरु सँग समन्वय गरी काम गरिनेछ ।
- व्यवसायजन्य सुरक्षा र स्वास्थ्यसम्वन्धी स्वदेश तथा विदेशका अनुभव हासिल गर्न र कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनेछ ।

## ११. आर्थिक पक्ष

प्रस्तुत नीतिको विस्तृत एवं एकिकृत कार्ययोजना बनाई बजेट व्यवस्था सहित लागू गरिने छ । नीति कार्यान्वयन गर्दा लाग्ने आर्थिक दायित्व र श्रोत सम्बन्धमा, कार्यक्रम कार्यान्वयन गर्ने समयमा नै निर्क्यौल हुने तथा खर्च व्यवस्थापन र लेखपरिक्षणको प्रक्रिया प्रचलित कानूनी व्यवस्था एवं प्रक्रियाबाट व्यवस्थित गरिने छ ।

## १२. कानूनी व्यवस्था

यस नीतिमा उल्लेखित प्रावधानहरु कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनहरु तर्जुमा गरिनुका साथै आवश्यकता अनुसार सम्बन्धित ऐन, कानूनहरुमा समसामयिक सुधार गरिने छ ।

## १३. अनुगमन र मूल्याङ्कन

यस नीतिको कार्यान्वयनबाट अपेक्षित प्रतिफल र उद्देश्यहरु पूर्ण वा आंशिक रुपमा पुरा भए वा भएनन् सोको अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्रको रुपमा नेपाल सरकारको श्रम तथा रोजगार मन्त्रालय रहने छ । अनुगमन तथा मूल्याङ्कनका लागि सहभागितामूलक अनुगमन प्रणाली अवलम्बन गरिने छ । यस नीतिको प्रत्येक तिन वर्षमा समिक्षा गरी आवश्यकता अनुसार पुनरावलोकन गरिने छ । उक्त कार्य लगायत यस नीतिको कार्यान्वयन पक्षलाई समन्वयात्मक रुपमा अनुगमन एवं मूल्याङ्कन गर्नका लागि श्रम तथा रोजगार मन्त्रालयमा एक उच्चस्तरिय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिने छ ।